# कृष्णपुर नगरपालिका कञ्चनपुरको

## आन्तरिक राजस्व संकलन, परिचालन तथा व्यवस्थापनको क्षेत्रमा गरेको कार्यको SWOT विश्लेषण सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२


पेश गर्ने

कृष्णपुर समूहः

१. सुरज प्रसाद जोशी, मालिकार्जुन गाउँपालिका, दार्चुला

२. महेन्द्र बोहरा, नवदुर्गा गाउँपालिका, डडेल्धुरा

३. लाल बहादुर सेटी, अजयमेरु गाउँपालिका, डडेल्धुरा

४. खडक बहादुर धामी, मेल्लेख गाउँपालिका, अछाम

५. महाजित साउँद, गोदावरी नगरपालिका, कैलाली



पेस गरिएको निकाय

सुदूरपश्चिम प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटी

# Team Krishnapur



नामथर: सुरज प्रसाद जोशी
पद: प्रमुख प्रशासकीय अधिकृत
कार्यालय: मालिकार्जुन गाउँपालिका, दार्चुला
सम्पर्क नं. : ९८४८९७७४३०
इमेल: joshisuraj963@gmail.com



नामथर: महेन्द्र बोहोरा
पद: वरिष्ठ इन्जिनियर आठौं तह
कार्यालय: नवदुर्गा गाउँपालिका, डडेल्धुरा
सम्पर्क नं. : 9858742345
इमेल:



नामथर: लाल बहादुर सेटी
पद: वरिष्ठ शिक्षा अधिकृत आठौं तह
कार्यालय: अजयमेरु गाउँपालिका, डडेल्धुरा
सम्पर्क नं. : 9848740589
इमेल: settysettylal123@gmail.com



नामथर: खडक बहादुर धामी
पद: इन्जिनियर सातौं तह
कार्यालय: मेल्लेख गाउँपालिका, अछाम
सम्पर्क नं. : 9865367003
इमेल:



नामथर: महाजित साउँद
पद: प्रशासकीय अधिकृत सातौं तह
कार्यालय: गोदावरी नगरपालिका, कैलाली
सम्पर्क नं. : 9848459905
इमेल:



नामथर: शिवराज भाट
पद: प्रशासकीय अधिकृत सातौं तह
कार्यालय: गोदावरी नगरपालिका, कैलाली
सम्पर्क नं. : 9848428191

# दुई शब्द

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीद्वारा आयोजित "प्रदेश तथा स्थानीय तहमा कार्यरत अधिकृतस्तर सातौं/आठौं तहका कर्मचारीका लागि ३५ कार्यदिनको सेवाकालीन प्रशिक्षण तालिम" अन्तर्गत हाम्रो कृष्णपुर समूहलाई श्री कृष्णपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कृष्णपुर, कञ्चनपुरको आन्तरिक राजस्व संकलन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यको SWOT विश्लेषण अध्ययन प्रतिवेदन तयार गरी पेस गर्ने जिम्मेवारी प्राप्त भएकोले यो प्रतिवेदन तयार गरिएको हो।

यस प्रतिवेदन तयार गर्ने क्रममा नगरसभाको अधिवेशनजस्तो व्यस्त समयका बाबजुद पनि आवश्यक समय, साथ, सहयोग तथा वास्तविक तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने कृष्णपुर नगरपालिका परिवारप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं। विशेषगरी नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षज्यूहरू, सूचना अधिकारी, इन्जिनियर, योजना अधिकृत, राजस्व शाखा तथा आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरू लगायत सम्पूर्ण पदाधिकारीहरूप्रति विशेष धन्यवाद ज्ञापन गर्दछौं। साथै राजस्व संकलन क्षेत्रमा संलग्न निर्माण व्यवसायी प्रतिनिधिहरू तथा प्रतिवेदन तयारीका क्रममा अमूल्य सुझाव र सल्लाह प्रदान गर्नु हुने सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटी परिवारप्रति समेत कृतज्ञता व्यक्त गर्दछौं।

प्रतिवेदनलाई यथासम्भव त्रुटिरहित र तथ्यपरक बनाउन कार्यालयका कर्मचारी, जनप्रतिनिधि, सेवाग्राही तथा करदाताहरूसँग छलफल तथा सोधपुछ गरिएको छ। साथै नगरपालिकाको प्रमुख राजस्व स्रोत रहेको नदीजन्य पदार्थ संकलन केन्द्रको स्थलगत अवलोकन तथा निर्माण व्यवसायीहरूसँग गरिएको अन्तरक्रियाका आधारमा प्रतिवेदनलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ। यस प्रतिवेदनले कृष्णपुर नगरपालिकाको आन्तरिक राजस्व सुधार तथा सुदृढीकरणमा सकारात्मक टेवा पुऱ्याउने विश्वास लिएका छौं।

धन्यवाद।

**कृष्णपुर समूह**

# विषयसूची


दुई शब्द........2

खण्ड ‘क’........5

**१. परिचय (Introduction)**........5

१.१पृष्ठभूमिः (Background)........5

१.२ समस्याको कथन )Statement of the Problem)........6

१.३ अध्ययनको औचित्य )Rationale of the Study)........6

१.४ अध्ययनका सीमाहरू )Limitations of the Study)........7

१.५ अध्ययनको क्षेत्र तथा विधि........7

खण्ड ‘ख’........8

**२. कार्यालयको परिचय**........8

२.१. कृष्णपुर नगरपालिकाको परिचय........8

२.२. वडा अनुसार जनसंख्या विवरणः........9

२.३. आर्थिक क्षेत्र तथा रोजगारीको स्थिति........9

२.४. अध्ययनको लक्ष्य........11

२.५. अध्ययनको उद्देश्य........11

(कराजश्व परामर्श समितिको काम (, कर्तव्य र अधिकार........12

(ख प्रशासन सहायक) राजश्व शाखा (– तह ४का काम (५/, कर्तव्य र जिम्मेवारी........12

२.६. उपलब्ध जनशक्ति, स्रोत साधन तथा प्रविधि........13

२.७. चालु आर्थिक बर्षका प्राथमिकता प्राप्त योजना तथा विनियोजन बजेट........13

२.८ कृष्णपुर नगरपालिकाका राजस्वका मुख्य स्रोतहरुः........15

**खण्ड ‘ग’**........17

**३. कृष्णपुर नगरपालिकाको राजस्व संकलन, परिचालन तथा व्यवस्थापन सम्बन्धी SWOT विश्लेषण**........17

३.१ कृष्णपुर नगरपालिका, कञ्चनपुरको आन्तरिक राजश्व संकलन, परिचालन तथा व्यवस्थापनः........17

३.२ सबल पक्ष )Strengths) ..... 17

३.३ कमजोर पक्ष )Weaknesses) ..... 18

३.४ अवसरहरू )Opportunities) ..... 19

३.५ चुनौतीहरू )Threats) ..... 19

३.६ संगठनात्मक व्यवहार र कार्य संस्कृतिको अवस्था ..... 20

३.७ कृष्णपुर नगरपालिकाको राजश्व प्रक्षेपण र प्राप्ति ..... 21

३.८ चालु आर्थिक वर्षको राजश्व अनुमान र संकलन विवरण ..... 22

खण्ड 'घ' ..... 23

४. नवप्रवर्तन, सृजनशील तथा प्रविधिमैत्री नमुना कार्यहरु ..... 23

४. २ सेवाग्राहीको संगठनप्रतिको अपेक्षा तथा सेवा प्रवाहप्रतिको सन्तुष्टि अवस्था ..... 24

४. ३ तोकिएको विषयमा सुधार ल्याउन चाल्नुपर्ने कदमहरु ..... 24

- ❖ नीति तथा कानुनमा सुधार ..... 25
- ❖ राजस्व संकलन, परिचालन तथा प्रशासनिक सुधार ..... 25
- ❖ प्रविधिको प्रयोगमा सुधार ..... 25
- ❖ सचेतनामूलक कार्यक्रम सञ्चालन ..... 25
- ❖ समन्वय र सहकार्य विस्तार ..... 25
- ❖ नगर प्रहरी व्यवस्थापन ..... 25

४. ४ तत्काल चाल्नुपर्ने कदमहरु ..... 26

४. ५ दीर्घकालिन सुधारका क्षेत्रहरु ..... 26

खण्ड 'ङ' ..... 27

५. सुझावहरु ..... 27

५.१ सुझाव ..... 27

५.२ निष्कर्ष ..... 28

तस्विरहरु ..... 30

# खण्ड 'क'

# १. परिचय (Introduction)

## १.१ पृष्ठभूमिः (Background)

नेपालको संविधानको धारा ५७ अनुसार राज्यशक्तिको बाँडफाँट संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा गरिएको छ। संविधानको भाग १९ अन्तर्गत स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था गरिएको छ, जसअनुसार धारा २२८ ले स्थानीय तहलाई आफ्नो अधिकारक्षेत्रभित्र पर्ने विषयहरू (अनुसूची ८ तथा साझा अधिकार सूची बमोजिम) मा कानुनअनुसार कर लगाउने तथा राजस्व उठाउने अधिकार प्रदान गरेको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६२ सम्म स्थानीय तहले विभिन्न शीर्षकमा कर तथा राजस्व संकलन गर्न पाउने स्पष्ट व्यवस्था गरेको छ। साथै उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा स्थानीय राजस्व परामर्श समिति गठन गरी नीति, कानुनको संशोधन, परिमार्जन तथा कार्यान्वयनमा सल्लाह दिने व्यवस्था गरिएको छ।

कृष्णपुर नगरपालिकाले स्थापना कालदेखि नै प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रयोग गर्दै नगरसभाबाट आर्थिक ऐन तथा नियमावली बनाई राजस्व संकलन तथा त्यसको सदुपयोग गर्दै आएको देखिन्छ। कृष्णपुर नगरपालिकाको वस्तुगत विवरण, २०७७ अनुसार आर्थिक वर्ष २०७७/०७८ को चैत्र मसान्तसम्म कुल वास्तविक आय रु. ८३,०३,१८३ रहेकोमा हाल आर्थिक वर्ष २०८२/०८३ का लागि आन्तरिक राजस्वतर्फ करिब रु. १२ करोड प्रक्षेपण गरिएको छ। छोटो अवधिमा राजस्व संकलनमा देखिएको यो वृद्धि नगरपालिकाले राजस्वका दायरा विस्तारका लागि आवश्यक पहल गरेको संकेत हो। तथापि, अनुमानित लक्ष्यको तुलनामा वास्तविक राजस्व करिब ३० प्रतिशतले कम संकलन हुने गरेको तथ्य समेत देखिएको छ।

कृष्णपुर नगरपालिकाको आन्तरिक राजस्वको प्रमुख स्रोत नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) रहेको छ। यी स्रोतहरूको संकलन तथा बिक्री वितरण E-bidding प्रणालीमार्फत सञ्चालन हुँदै आएको भए तापनि वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) अनुसारका मापदण्डको पूर्ण पालना तथा दीर्घकालीन विपद् जोखिम न्यूनीकरणका उपायहरू अझ प्रभावकारी रूपमा लागू गर्नुपर्ने आवश्यकता देखिन्छ। करका दर बारम्बार संशोधन गर्नु भन्दा करको दायरा विस्तार, नियमित अनुगमन, चोरी निकासी तथा राजस्व चुहावट नियन्त्रण गर्न सकेमा नगरपालिकाको आन्तरिक आयमा उल्लेखनीय वृद्धि गर्न सकिने देखिन्छ।

आर्थिक वर्ष २०८०/०८१ लाई कृष्णपुर नगरपालिकाले "राजस्व संकलन तथा कर वर्ष" का रूपमा घोषणा गरेको छ। साथै सम्पूर्ण कार्यप्रणालीलाई डिजिटलाइज गर्ने, नगरको राजस्व सम्भाव्यता अध्ययन गर्ने र राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने नीति अवलम्बन गरिएको छ। नगरपालिकाले प्रत्येक त्रैमासिक रूपमा प्रगति विवरण, आर्थिक अवस्था तथा राजस्व संकलनसम्बन्धी जानकारी स्वतः प्रकाशन गर्ने असल अभ्यास समेत गरेको पाइयो। यसै प्रकाशनमार्फत सम्बन्धित शाखाका कर्मचारीहरूको कार्य विशिष्टीकरण (Job Specification) स्पष्ट गरिएको छ। नगर प्रहरी व्यवस्थापनमार्फत चालु आर्थिक वर्षमा राजस्वको दायरा विस्तार गर्ने नीति लिइएको सन्दर्भमा, नगरपालिकाको समग्र राजस्व प्रणाली सुधारका लागि यो अध्ययन प्रतिवेदन महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

## १.२ समस्याको कथन (Statement of the Problem)

संघीय शासन प्रणाली कार्यान्वयनसँगै स्थानीय तहहरूलाई कर लगाउने, उठाउने तथा व्यवस्थापन गर्ने अधिकार प्रदान गरिएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त, समपुरक, विशेष र समानीकरण अनुदानसँगै आन्तरिक राजस्व स्थानीय तहको प्रमुख स्रोत हो। कानूनबमोजिम संकलित आन्तरिक राजस्व स्थानीय तहले आफ्ना योजना, कार्यक्रम तथा सेवा प्रवाहमा प्रयोग गर्न पाउने व्यवस्था रहेको छ। कृष्णपुर नगरपालिकामा आन्तरिक स्रोतबाट प्राप्त रकम कार्यालय सञ्चालन मात्र नभई पूँजीगत खर्चमा समेत विनियोजन गर्ने अभ्यास रहेको पाइयो।

यद्यपि, सम्भावनायुक्त कृषि, व्यापार, सेवा तथा सीमावर्ती क्षेत्र हुँदाहुँदै पनि कृष्णपुर नगरपालिकाको कुल बजेटमा आन्तरिक राजस्वको योगदान अपेक्षाकृत न्यून रहेको छ। करदाताको पहिचान, करको दायरा विस्तार, कर अनुपालन, राजस्व चुहावट नियन्त्रण तथा राजस्व प्रशासन सुदृढीकरणमा संरचनागत तथा व्यवहारगत समस्या विद्यमान छन्। नगर क्षेत्रमा कर तिर्ने संस्कृतिको कमजोरी, करदातामैत्री सेवा प्रणालीको सीमितता, दक्ष तथा प्राविधिक जनशक्तिको अभाव, डिजिटल राजस्व प्रणालीको अपर्याप्त प्रयोग, करको दर तथा आधार निर्धारणमा स्पष्टता नहुनु तथा कर तिरेको प्रतिफल सेवा प्रवाहमा प्रत्यक्ष रूपमा अनुभूति नहुनु प्रमुख चुनौतीका रूपमा देखिएका छन्। साथै अनौपचारिक आर्थिक गतिविधि, सीमापार व्यापार तथा अव्यवस्थित बजार प्रणालीले पनि राजस्व संकलनमा असर पुऱ्याइरहेका छन्।

## १.३ अध्ययनको औचित्य (Rationale of the Study)

कृष्णपुर नगरपालिका, कञ्चनपुरको आन्तरिक राजस्व संकलन, व्यवस्थापन तथा परिचालनसम्बन्धी अवस्था अध्ययन गरी यस नगरपालिकाले अवलम्बन गरेका असल अभ्यास, उपलब्धि, समस्या र

चुनौतीहरूको विश्लेषण गर्नु यस अध्ययनको मुख्य औचित्य हो। SWOT विश्लेषणमार्फत राजस्व सुधारका लागि नीति तथा कार्ययोजना निर्माणमा यो प्रतिवेदन मार्गदर्शक बन्ने अपेक्षा गरिएको छ। यस अध्ययनबाट औंल्याइएका समस्या, चुनौती तथा समाधानका उपायहरू अन्य स्थानीय तहहरूका लागि समेत सन्दर्भ सामग्रीको रूपमा उपयोगी हुने विश्वास गरिएको छ। ३५ दिने सेवाकालीन प्रशिक्षणका सहभागीहरूले प्रतिवेदनका सुझावहरू आ–आफ्नो कार्यालयमा कार्यान्वयन गर्न सकेमा स्थानीय तहको आन्तरिक आय वृद्धि भई अध्ययनको औचित्य सार्थक हुने देखिन्छ।

## १.४ अध्ययनका सीमाहरू (Limitations of the Study)

प्रस्तुत अध्ययन सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लास्थित कृष्णपुर नगरपालिकाको आन्तरिक राजस्व संकलन, व्यवस्थापन तथा परिचालनमा सीमित रहेको छ। अध्ययनको समयावधि आर्थिक वर्ष २०७७/०७८ देखि २०८०/०८१ सम्म सीमित गरिएको छ। भौगोलिक रूपमा नगरपालिका कार्यालय, वडा कार्यालय तथा राजस्व संकलन प्रणालीमा मात्र केन्द्रित गरिएको छ। संघीय तथा प्रादेशिक अनुदानलाई अध्ययनको दायरामा समावेश गरिएको छैन। सबै सरोकारवालाको विस्तृत धारणा समेट्न नसकिने सीमालाई स्वीकार गरिएको छ।

## १.५ अध्ययनको क्षेत्र तथा विधि

### *अध्ययनको क्षेत्र*

यस अध्ययनले सुदूरपश्चिम प्रदेश अन्तर्गत कञ्चनपुर जिल्लाको कृष्णपुर नगरपालिकाको राजस्व संकलन, व्यवस्थापन तथा परिचालनलाई अध्ययनको क्षेत्रको रूपमा लिएको छ। आन्तरिक राजस्वका स्रोतहरू, संकलन प्रक्रिया, समस्या, अवसर तथा सुधारका उपायहरू अध्ययनको केन्द्रमा रहेका छन्।

### *अध्ययनको विधि*

यस अध्ययनमा मिश्रित अनुसन्धान पद्धति (Mixed Method) अवलम्बन गरिएको छ। परिमाणात्मक र गुणात्मक दुवै विधिको प्रयोग गरी तथ्याङ्क संकलन तथा विश्लेषण गरिएको छ। प्रमुख विधिहरू निम्न रहेका छन्:

- कार्यालय भ्रमण तथा अभिलेख अध्ययन
- जनप्रतिनिधि तथा कर्मचारीसँग अन्तर्वार्ता
- सेवाग्राही तथा करदातासँग छलफल
- राजस्व शाखा तथा क्षेत्रगत अवलोकन
- विभिन्न प्रकाशन तथा प्रतिवेदनहरूको अध्ययन

# खण्ड 'ख'

# २. कार्यालयको परिचय

## २.१. कृष्णपुर नगरपालिकाको परिचय

नेपाल सरकारको घना बस्ती भएका क्षेत्रहरूलाई जनसंख्याको आधारमा नगरपालिका घोषणा गरी क्रमिक रूपमा भौतिक पूर्वाधार सम्पन्न बनाउँदै स्थानीय आर्थिक गतिविधिको केन्द्रका रूपमा विकास गर्ने नीतिअनुसार कृष्णपुर नगरपालिकाको स्थापना वि.सं. २०७३ सालमा भएको हो। स्थापना कालमा सीमित भौतिक पूर्वाधार रहे तापनि हाल यो नगरपालिका विकासको गतिमा अघि बढिरहेको छ।

कञ्चनपुर जिल्ला ऐतिहासिक तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण चुरे र तराई क्षेत्र समेटिएको जिल्ला हो। संघीय संरचना अनुसार यस जिल्लामा ७ वटा नगरपालिका र २ वटा गाउँपालिका रहेका छन्। तीमध्ये कृष्णपुर नगरपालिका जिल्लाको पूर्वी प्रवेशद्वारको रूपमा अवस्थित छ। साविक गाउँ विकास समिति पार्श्वचित्र, २०६८ अनुसार राना थारू समुदायको बसोबास रहेको 'किचाईगाउँ' को नामबाट यस नगरपालिकाको नामाकरण भएको देखिन्छ। सो क्षेत्रमा बढी किचहिलो हुने भएकाले 'किचाहा' शब्दको अपभ्रंश भई 'कृष्णपुर' नाम रहन गएको मान्यता पाइन्छ।

सुदूरपश्चिम प्रदेशको प्रस्तावित राजधानी गोदावरी नगरपालिकाबाट करिब ५ किलोमिटर पश्चिममा अवस्थित कृष्णपुर नगरपालिकाको न्यूनतम उचाइ समुद्र सतहबाट ११८ मिटर र अधिकतम उचाइ १४३७ मिटर रहेको छ। यहाँको न्यूनतम तापक्रम करिब ५ डिग्री र अधिकतम तापक्रम ४५ डिग्री सेल्सियससम्म पुग्ने गर्दछ भने वार्षिक औसत वर्षा करिब १५७५ मि.मि. रहेको छ। नगरपालिकाको कुल क्षेत्रफल २५२.७५ वर्ग किलोमिटर रहेको छ। क्षेत्रफलको आधारमा वडा नं. १ सबैभन्दा ठूलो र वडा नं. ३ सबैभन्दा सानो वडा हो। जनसंख्याका आधारमा वडा नं. २ सबैभन्दा ठूलो र वडा नं. ३ सबैभन्दा सानो रहेको छ। नगरपालिकाको औसत जनघनत्व ३२१ व्यक्ति प्रति वर्ग किलोमिटर रहेको छ।

उपोष्ण तथा उष्ण मनसुनी हावापानी रहेको यस नगरपालिकामा ९ वटा वडा रहेका छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको कुल जनसंख्या ५६,६४३ रहेको छ। भौगोलिक रूपमा यस नगरपालिकाको पूर्वमा कैलाली जिल्लाको गोदावरी नगरपालिका, पश्चिममा शुक्लाफाँटा नगरपालिका, उत्तरमा कैलालीको गोदावरी नगरपालिका तथा डडेल्धुराको परशुराम नगरपालिका र दक्षिणमा लालझाँडी गाउँपालिका तथा पुनर्वास नगरपालिकाको सिमाना जोडिएको छ।

नगरपालिकाका बहुसंख्यक बासिन्दा कृषि पेशामा निर्भर रहेका छन्। यहाँ वनदेवी मन्दिर, ग्वाँसी समैजी मन्दिर, गडबिजुला ताल, मोहना नदी तथा लालझाडी–मोहना संरक्षित वनजस्ता पर्यटकीय स्थलहरू रहेका छन्। केरा तथा उखु उत्पादनका लागि समेत कृष्णपुर नगरपालिका परिचित रहेको छ। ब्राह्मण, क्षेत्री, ठकुरी, थारू, दमाई, सार्की लगायत विभिन्न जातजातिको बसोबास रहेको यस नगरपालिकामा डोटेली तथा थारू भाषा बढी प्रचलित छन् भने कामकाजी भाषाका रूपमा नेपाली भाषा प्रयोग हुँदै आएको छ।

जिल्ला सदरमुकाम महेन्द्रनगरबाट करिब ३२ किलोमिटर दूरीमा रहेको कृष्णपुर नगरपालिका साविक कृष्णपुर नगरपालिका, रैकवार विचवा गाउँ विकास समितिका सम्पूर्ण वडाहरू तथा देखतभुली गाउँ विकास समितिको वडा नं. ९ समावेश गरी वि.सं. २०७३ मा पुनर्गठन गरिएको हो। हाल यस नगरपालिकामा ९ वटा वडाहरू रहेका छन्।

## २.२. वडा अनुसार जनसंख्या विवरणः

| हालको वडा नं. | साविक गा.पा.न/.स.वि. | साविक वडा नं. | जनसंख्या | मतदाता संख्या (२०७३) |
|---|---|---|---|---|
| १ | कृष्णपुर नगरपालिका | १ | ५,५७३ | ३,४६१ |
| २ | कृष्णपुर नगरपालिका | २ | ९,७१९ | ४,५७१ |
| ३ | देखतभुली गा.स.वि. | ९ | ३,११६ | १,७३८ |
| ४ | कृष्णपुर नगरपालिका | ३, ४ | ८,८१२ | ४,७४३ |
| ५ | कृष्णपुर नगरपालिका | ५, ६ | ७,२३१ | ३,४४८ |
| ६ | कृष्णपुर नगरपालिका | ७, ८, ९ | ५,३७१ | २,८३९ |
| ७ | रैकवार गा.स.वि. | ३, ४, ५ | ७,०५३ | ३,३८६ |
| ८ | रैकवार गा.स.वि. | १, २, ६ | ३,७९४ | २,०२१ |
| ९ | रैकवार गा.स.वि. | ७, ८, ९ | ५,९७४ | १,७२० |
| जम्मा | | | ५६,६४३ | २७,९२७ |

**स्रोतः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## २.३. आर्थिक क्षेत्र तथा रोजगारीको स्थिति

कृष्णपुर नगरपालिकाको अर्थतन्त्र मुख्यतः कृषि, वन, कुखुरापालन, बाख्रापालन, थोक तथा खुद्रा व्यापार, होटल तथा रेस्टुरेन्ट, सेवा, पर्यटन, व्यवसाय तथा वैदेशिक रोजगारीमा आधारित रहेको छ। उपयुक्त हावापानी र उर्वर माटोका कारण यो नगरपालिका कृषिका लागि अत्यन्त उपयुक्त तराई

क्षेत्र मानिन्छ। यस कारण यहाँका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेशामा संलग्न रहेका छन्।

नगरपालिकाका सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भइरहेको हुँदा पूर्वाधार विकासले आर्थिक गतिविधिलाई थप गतिशील बनाएको छ। कृषि, व्यापार, सेवामूलक व्यवसाय तथा साना तथा घरेलु उद्योगहरू यहाँका प्रमुख आर्थिक क्रियाकलाप हुन्। वैदेशिक रोजगारी पनि नगरपालिकाको वैकल्पिक आयस्रोतको रूपमा रहेको देखिन्छ।प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा सांस्कृतिक बहुलताले भरिपूर्ण कृष्णपुर नगरपालिकामा विभिन्न जातजातिका संस्कृति, रहनसहन, चाडपर्व तथा ऐतिहासिक, धार्मिक र पौराणिक महत्वका स्थलहरू रहेका छन्, जसले पर्यटन विकासको ठूलो सम्भावना देखाउँछ। आधुनिक कृषि र पशुपालन प्रवर्द्धन गर्दै विभिन्न पाकेट क्षेत्र घोषणा गरी अनुकूल वातावरण सिर्जना गर्न सकेमा कृषिमा आत्मनिर्भर भई कृषि उपज निर्यात गर्न सकिने सम्भावना रहेको छ।

त्यसैगरी धार्मिक तथा पर्यटकीय स्थलहरूको व्यवस्थित विकास र प्रवर्द्धन गर्न सके पर्या–पर्यटनको सम्भावना उपयोग भई लगानी वृद्धि तथा रोजगारी सिर्जना मार्फत नगरपालिकाको समग्र अर्थतन्त्र मजबुत हुने सुनिश्चित देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसारको विवरण

| कुल जनसंख्या | महिला | पुरुष | जनघनत्व | कुल परिवार | कुल साक्षरता | पुरुष साक्षरता | महिला साक्षरता |
|---|---|---|---|---|---|---|---|
| ७१,५०० | ३७,६७० | ३३,८३० | २८३ | १५,१११ | ७७.३% | ८५.२% | ७०.४% |

आर्थिक रुपले सक्रिय जनसंख्या

| कृषि वन तथा माछापालन दक्ष कामदार | सामान्य पेसाका कामदारहरु | सिल्पकला सम्बन्धी व्यापार | वस्तु तथा सेवा बिक्री गर्ने | पेसाविद्हरु | कारखाना तथा यन्त्र जडान गर्ने |
|---|---|---|---|---|---|
| २५,४०३ | ८,२६० | २,२७७ | १,४६३ | १००६ | ९९७ |
| | | | स्रोत: २०७८ को जनगणना | | |

### व्यापारिक केन्द्रहरुको विवरण

कृष्णपुर नगरपालिकामा तपसिल बमोजिमका मुख्या व्यापारिक केन्द्रहरु रहेका छन् ।

तालिका ६-१ः कृष्णपुर नगरपालिकामा रहेका मुख्य व्यापारिक केन्द्रहरु

| सि.नं. | व्यापारिक केन्द्रहरुका नाम | मुख्य व्यापारिक बस्तुहरु |
|---|---|---|
| १ | गजरौला | खाद्य तथा कृषि सामाग्रीहरु |
| २ | गुलरिया | खाद्य, किराना, हार्डवयर, तरकारी, फलफुल, मासु, र कृषि सामाग्रीहरु |
| ३ | बाणी | खाद्य, किराना, हार्डवयर, तरकारी, फलफुल, मासु, र कृषि सामाग्रीहरु |
| ४ | बंक | खाद्य, किराना, हार्डवयर, तरकारी, फलफुल, मासु, र कृषि सामाग्रीहरु |
| ५ | कलुवापुर | खाद्य, किराना, तरकारी, फलफुल, मासु, र कृषि सामाग्रीहरु |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## २.४. अध्ययनको लक्ष्य

- कृष्णपुर नगरपालिका, कञ्चनपुरको आन्तरिक राजश्व संकलन, परिचालन तथा व्यवस्थापनको वर्तमान अवस्था अध्ययन गर्नु।
- नगरपालिकाले अवलम्बन गरेका असल अभ्यासहरू (Best Practices) को पहिचान तथा विश्लेषण गर्नु।
- राजश्व सुधारका लागि SWOT विश्लेषण गरी आवश्यक सुधारका उपाय तथा मार्ग पहिचान गर्नु।

## २.५. अध्ययनको उद्देश्य

- राजश्व सुधारका लागि सरोकारवालाहरूसँग गरिएको भेटघाट तथा छलफलबाट प्राप्त गुनासो तथा सुझावहरूको व्यवस्थापनका लागि नगरपालिकालाई सुझाव उपलब्ध गराउनु।
- करदाता शिक्षा मार्फत कर तिर्ने संस्कृतिको विकास गरी राजश्व संकलनमा सुधार ल्याउनु।
- राजश्व परिचालनका क्षेत्रमा नगरपालिकाले सञ्चालन गरेका असल अभ्यासहरूको आदान–प्रदान गर्नु।
- वडा कार्यालयहरूलाई समेत राजश्व संकलन कार्यमा सक्रिय रूपमा परिचालन गर्नु।
- जनप्रतिनिधिहरूको नेतृत्वमा कर सचेतनामूलक कार्यक्रम सञ्चालनका लागि सुझाव गर्नु।

## २.६. कार्यालयको भूमिका र राजश्वसँग सम्बन्धित सेवाको प्रारुप

## (क) राजश्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

**राजश्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

- राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन तथा सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने।
- राजश्वका स्रोत, दायरा र दरको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने।
- राजश्वका दर र क्षेत्रका आधारमा आन्तरिक आयको विश्लेषण तथा अनुमान गर्ने।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमका कर नीतिका सम्बन्धमा परामर्श दिने।
- कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिका दरका सम्बन्धमा सुझाव तथा परामर्श दिने।
- राजश्व प्रशासन सुधारका लागि आवश्यक अन्य परामर्श प्रदान गर्ने।

**(ख) राजश्व शाखा (प्रशासन सहायक – तह ४/५) का काम, कर्तव्य र जिम्मेवारी**

राजश्व शाखाका प्रमुखको रेखदेख तथा नियन्त्रणमा रही निजप्रति उत्तरदायी भई देहायबमोजिमका कार्यहरू गर्नु/गराउनु पर्नेछः

- राजश्व शाखाबाट उपलब्ध गराइने सेवाहरूलाई सरल, सहज, चुस्त, दुरुस्त, पारदर्शी तथा मितव्ययी बनाउने कार्यमा सहयोग गर्ने।
- राजश्व उठाउने कार्यमा आवश्यक सहयोग गर्ने।
- सेवा शुल्क तथा बाँकी वक्यौता असुलीसम्बन्धी कार्य गर्ने।
- स्थानीय कर, सेवा शुल्क, दस्तुर, दण्ड/जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी एवं पर्यटन शुल्कसम्बन्धी अभिलेख अद्यावधिक राख्ने।
- राजश्व गस्ती तथा अनुगमन कार्यमा आवश्यकताअनुसार शाखा प्रमुखलाई सहयोग गर्ने।
- नगरपालिकाको वार्षिक आय–व्ययको हिसाब विश्लेषण गरी नगरसभामा पेश गर्न सहयोग गर्ने।
- लेखापरीक्षणबाट औंल्याइएका राजश्वसम्बन्धी बेरुजु फछ्र्यौट कार्यमा सघाउने।
- राजश्वसम्बन्धी अभिलेख तथा बाँकी कर, दस्तुर, शुल्क, महसुल आदिको लगत दुरुस्त राख्ने।
- शाखाबाट भएका सम्पूर्ण कार्यहरूको विद्युतीय अभिलेखीकरण गर्ने/गराउने।
- शाखासँग सम्बन्धित चिठीपत्रहरूको व्यवस्थापन गर्ने।
- सुपरीवेक्षकबाट तोकिएका अन्य कार्यहरू सम्पादन गर्ने।

## २.६. उपलब्ध जनशक्ति, स्रोत साधन तथा प्रविधि

कृष्णपुर नगरपालिकाको राजस्व संकलन, परिचालन तथा व्यवस्थापन कार्यमा नगरपालिकाको कार्यालयका साथै वडा कार्यालयका कर्मचारीहरु र जनप्रतिनिधिहरुको सक्रियता र व्यवस्थापनले राजस्व प्राप्तिमा खटिएका रहेको पाइयो। नगरपालिकाको कार्यालयमा एक छुट्टै शाखा र नगर उपप्रमुखको संयोजकत्वमा आवश्यक नीति नियम तथा अनुगमन र सहिजिकरणको कार्य हुने साथै राजस्व सुधारका लागि सम्बन्धित पक्षहरुसँगको निरन्तर समन्वय र जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि समेत बजेट विनियोजन समेत गरिने असल अभ्यास गरेको पाईयो। यस नगरपालिकामा राजस्व कार्यको लागि तपसिलको व्यवस्था रहेको पाईयोः

- राजश्व परामर्श समिति
- राजश्व शाखा तथा कर्मचारी व्यवस्थापन
- वडा सचिवहरू
- जनप्रतिनिधिहरू
- उद्योग वाणिज्य संघ
- SuTRA प्रविधिको प्रयोग
- जुनसुकै वडा कार्यालयबाट राजश्व तिर्न सकिने व्यवस्था
- नागरिक वडापत्र
- सूचना अधिकारी

## २.७. चालु आर्थिक बर्षका प्राथमिकता प्राप्त योजना तथा विनियोजन बजेट

यस नगरपालिकाद्वारा स्वीकृत चालु आर्थिक वर्षका राजश्वसम्बन्धी प्राथमिकता प्राप्त योजना, कार्यक्रम तथा तिनका लागि विनियोजित बजेट उल्लेख गरिएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | उपक्षेत्र | स्रोत | विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कर्मचारी तालिम खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | ५,००,००० ।- | |
| २ | आधारभूत तालिम | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | २,००,००० ।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | न्यायिक समितिका पदाधिकारी/कर्मचारी मेलमिलापकर्ताहरुलाई नयाँ कानुन बारे एक दिने अभिमुखीकरण कार्यक्रम | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | ३,००,००० ।- | |
| ४ | LISA/FRA तथा अन्य सफ्टवयर सम्बन्धी अभिमुखीकरण कार्यक्रम | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | ५०,००० ।- | |
| ५ | SDG Goal हरुको स्थानीयकरण | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | १,००,००० ।- | |
| ६ | छिमेकी नगरपालिकाहरुसँग साझेदारी कार्यक्रम | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | २,००,००० ।- | |
| ७ | कृष्णपुर नगरपालिकाको सबै वडा High quality videography documentary निर्माण | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | ३,००,००० ।- | |
| ८ | जिल्ला प्रहरी साझेदारी सहयोग कार्यक्रम | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | ३,००,००० ।- | |
| ९ | राजस्व सम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम-जनप्रतिनिधि तथा कर्मचारी | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | १,००,००० ।- | |
| १० | रोजगार नक्साङ्कन, Employment mapping Program | कार्यालय सञ्चालन तथा प्रशासनिक | आन्तरिक स्रोत-नगद | २,००,००० ।- | |
| ११ | शिक्षा, कानुन, कानुनी | कार्यालय सञ्चालन | आन्तरिक स्रोत- | १०,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | परामर्श वा अन्य | तथा प्रशासनिक | नगद | ।- | |
| जम्मा | | | | ३२,५०,०००।- | |

*स्रोतः कृष्णपुर नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट, नीति तथा कार्यक्रम*

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट, नीति तथा कार्यक्रममा राजस्व सुधारका लागि विभिन्न शीर्षकमा कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास हुने गरी कार्यक्रम तय गरिएकाले विगतका आर्थिक वर्षहरुमा राजस्व संकलनमा देखिएका समस्याहरु समाधान भई यस आर्थिक वर्षको राजस्व संलकनमा सुधार हुने देखिएको छ ।

## २.८ कृष्णपुर नगरपालिकाका राजस्वका मुख्य स्रोतहरुः


कृष्णपुर नगरपालिकाको राजस्व संकलनका क्षेत्रहरु तपसिलबमोजिम रहेको पाइयो ।

- ✓ नदिजन्य पदार्थको उत्खनन तथा बिक्रीवितरण
- ✓ कृषि
- ✓ उद्योग
- ✓ व्यापार
- ✓ घर बहाल कर
- ✓ फर्म तथा व्यवसायीहरु
- ✓ नियमित राजस्वका क्षेत्रहरु (जस्तैः सिफारिस, दण्ड, जरिवाना, सेवा शुल्क, सम्पत्ति कर लगायत)
- ✓ विज्ञापन कर

**नदिजन्य पदार्थ – ढुङ्गा, गिट्टी, बालुवा र माटोको बिक्रीबाट प्राप्त राजस्वको पछिल्लो आठ वर्षको विवरणः**

| SN. | Discreaption | Including Vat | Fiscal Year | Remarks |
|---|---|---|---|---|
| 1 | Basic Amount | 22812700 | 2075/076 | |
| | Bid Amount | 22951151 | | |
| 2 | Basic Amount | 22812700 | 2076/077 | |
| | Bid Amount | 22813700 | | |
| 3 | Basic Amount | 15886732 | 2077/078 | |
| | Bid Amount | 16000000 | | |
| 4 | Basic Vlaue | 20315000 | | |
| | Bid Amount | 26251001 | 2078/079 | |
| 5 | Basic Amount | 26666429 | 2079/080 | |

| | | | | |
|---|---|---|---|---|
| | Bid Amount | 24800000 | | |
| 6 | Basic Amount | 39905756 | | |
| | Bid Amount | 40049999 | 2080/081 | |
| 7 | Basic Amount | 42966371 | 2081/082 | |
| | Bid Amount | 58482020 | | |
| 8 | Basic Amount | 45814337 | | |
| | Bid Amount | 54290221 | 2082/083 | |



# खण्ड 'ग'

## ३. कृष्णपुर नगरपालिकाको राजस्व संकलन, परिचालन तथा व्यवस्थापन सम्बन्धी SWOT विश्लेषण

### ३.१ कृष्णपुर नगरपालिका, कञ्चनपुरको आन्तरिक राजश्व संकलन, परिचालन तथा व्यवस्थापनः

कृष्णपुर नगरपालिका, कञ्चनपुरले आन्तरिक राजश्व संकलन, परिचालन तथा व्यवस्थापनका क्षेत्रमा अवलम्बन गरेका असल अभ्यास, नीति तथा कार्यक्षेत्रहरूको अध्ययन गरी सोही आधारमा गरिएको SWOT विश्लेषणले नगरपालिकाको वर्तमान अवस्था पहिचान गर्नुका साथै भावी रणनीति निर्धारणमा सहयोग पुऱ्याउने उद्देश्य राख्दछ। नगरपालिकाका विभिन्न सरोकारवालाहरूसँग गरिएको छलफल, प्राप्त सुझाव तथा प्रतिक्रियाका आधारमा अवलम्बन गरिएको राजश्व नीतिको समीक्षा गरिएको छ। साथै नगरपालिकाको मुख्य राजश्व स्रोतका रूपमा रहेको गिट्टी, बालुवा तथा ढुङ्गा बिक्रीसम्बन्धी कार्यको स्थलगत अवलोकनबाट प्राप्त सुझावहरू संकलन गरिएको छ, जसले भावी कार्ययोजना निर्माणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

## ३.२ सबल पक्ष (Strengths)

- नगरपालिकामा राजश्व संकलनका विविध स्रोतहरू उपलब्ध हुनुका साथै मुख्य राजश्व क्षेत्रका रूपमा नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल तथा माटो) संकलन तथा बिक्री रहनु।
- नगरपालिकाका दुई जना कर्मचारीलाई राजश्व संकलन तथा व्यवस्थापन कार्यमा प्रत्यक्ष रूपमा संलग्न गराई नीति तथा कार्यक्रम कार्यान्वयनमा खटाइनु।
- वडा कार्यालयअन्तर्गत वडा सचिवहरूलाई समेत राजश्व संकलन कार्यमा परिचालन गरी न्यूनतम एक हप्ताभित्र संकलित रकम नगरपालिकाको खातामा दाखिला गर्न निर्देशनको प्रभावकारी कार्यान्वयन।
- Online माध्यमबाट राजश्व तिर्न सक्ने व्यवस्था तथा सेवाग्राहीले आफू बसेको स्थानबाटै राजश्व तिर्न सक्ने योजना कार्यान्वयनमा जानु।
- SuTRA प्रणालीको प्रयोगबाट राजश्व संकलन प्रक्रिया पारदर्शी, विश्वसनीय तथा व्यवस्थित हुनु।

- नगरपालिकाको जुनसुकै वडाबाट राजश्व बुझाउन सकिने व्यवस्थाले सेवाग्राहीमैत्री सेवा प्रवाह हुनु।
- संकलित राजश्व कार्यालय सञ्चालनमा मात्र नभई जनताको दैनिक सेवा प्रवाह तथा पूँजीगत खर्चमा समेत लगानी गर्ने असल अभ्यासको अवलम्बन।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन अन्तर्गत आ.व. २०७८/०७९, २०७९/०८० र २०८०/०८१ मा क्रमशः ६८, ७५.७५ र ७८.२५ अंक प्राप्त हुनु तथा वित्तीय एवं आर्थिक व्यवस्थापन शीर्षकमा उल्लेखनीय प्रगति देखिनु।
- नदिजन्य पदार्थ संकलन ठेक्का IEE प्रतिवेदन तथा प्रदेश दररेटअनुसार e-Bidding प्रणालीमार्फत सञ्चालन हुनु।
- कर दर वृद्धि भन्दा करको दायरा विस्तार गर्ने नीतिअनुसार पकेट व्यवसाय, कबाडी तथा जीवजन्तु करलाई समेत दायरामा ल्याइनु।
- राजश्व संकलनलाई प्रभावकारी बनाउन आ.व. २०८२/०८३ का लागि कर्मचारी तथा जनप्रतिनिधि लक्षित क्षमता विकास, अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमका लागि बजेट विनियोजन हुनु।

## ३.३ कमजोर पक्ष (Weaknesses)

- कर तथा राजश्व तिर्ने विषयमा सेवाग्राहीहरूको चेतनास्तर अझै सन्तोषजनक नहुनु।
- राजश्व तिर्नुलाई नागरिक कर्तव्यको रूपमा स्थापित गर्न नसक्नु तथा कर छुटसम्बन्धी अपेक्षाले कर तिर्ने संस्कृतिमा नकारात्मक प्रभाव पर्नु।
- सचेतनामूलक कार्यक्रमको न्यूनता र जनप्रतिनिधिहरूको अपेक्षित सक्रियता नदेखिनु।
- सीमित कर्मचारीमाथि कार्यबोझ बढी हुनु तथा प्रविधिगत जटिलताले नियमित सेवा प्रवाहमा समस्या हुनु।
- नियमित तालिम, क्षमता विकास तथा प्रोत्साहनमूलक कार्यक्रमको अभाव।
- उत्कृष्ट करदाता वा राजश्व योगदानकर्तालाई सम्मान गर्न नसक्दा कर संकलनमा नकारात्मक असर पर्नु।
- राजश्व चुहावट नियन्त्रणका लागि नियमित अनुगमन प्रभावकारी नहुनु तथा नगर प्रहरीको अभाव।
- बजार अनुगमन, चोरी निकासी नियन्त्रणका लागि आवश्यक दक्ष जनशक्ति अभाव।
- SuTRA प्रणालीमा आउने प्राविधिक समस्याले द्रुत सेवा प्रवाहमा अवरोध सिर्जना हुनु।
- घरबाटै कर तथा राजश्व तिर्न सक्ने पूर्ण प्रविधि विकास हुन नसक्नु।

- अनुमानित राजश्वको करिब ७० प्रतिशत मात्र संकलन हुनु र सोको कारण पहिचान नगरी पुनः उस्तै अनुमान दोहोरिनु।


## ३.४ अवसरहरू (Opportunities)

- करदाता शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी राजश्व वृद्धि गर्ने प्रशस्त अवसर।
- मुख्य राजश्व क्षेत्र आसपासका नागरिकलाई निगरानी तथा सहकार्यमा सहभागी गराउन सकिने सम्भावना।
- वडा तहमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी करको दायरा विस्तार गर्न सकिने।
- कर्मचारी व्यवस्थापन, क्षमता विकास, प्रविधि तालिम तथा प्रोत्साहन प्रणाली सुधार गर्ने अवसर।
- सबै वडा कार्यालयलाई राजश्व संकलन प्रक्रियामा सक्रिय रूपमा संलग्न गराउन सकिने।
- उत्कृष्ट कार्य गर्ने कर्मचारी, वडा कार्यालय तथा जनप्रतिनिधिलाई सम्मान गर्ने संस्कृतिको विकास।
- जनप्रतिनिधिको नेतृत्वमा नियमित अनुगमन तथा निगरानी संयन्त्र विकास गर्न सकिने।
- राजश्व प्रगति विवरणको नियमित सार्वजनिकरणमार्फत पारदर्शिता, जवाफदेहिता र जनविश्वास अभिवृद्धि गर्ने अवसर।

## ३.५ चुनौतीहरू (Threats)

- कर्मचारीको उचित व्यवस्थापन, प्रोत्साहन र जिम्मेवारी स्पष्ट नहुँदा राजश्व सुधारमा चुनौती।
- क्षमता विकास, जनचेतना कार्यक्रम तथा जनप्रतिनिधिको न्यून संलग्नताले राजश्व चुहावट बढ्ने जोखिम।
- कर तिर्ने संस्कृतिको कमजोर अवस्थाले राजश्व वृद्धि प्रभावित हुने सम्भावना।
- नदिजन्य पदार्थमा अत्यधिक निर्भरता हुँदा अन्य नियमित राजश्व क्षेत्र ओझेलमा पर्ने खतरा।
- नीतिगत तथा कानुनी अस्पष्टताका कारण कर्मचारी र जनप्रतिनिधि निर्णय प्रक्रियामा हिच्किचाउने अवस्था।
- समयमा आर्थिक ऐन प्रकाशन तथा राजश्व परामर्श समितिको नियमित बैठक नहुनु।
- प्रविधिमा दक्ष जनशक्ति व्यवस्थापन गर्न नसक्दा आधुनिक कर प्रणालीको पूर्ण उपयोग नहुनु।


## ३.६ संगठनात्मक व्यवहार र कार्य संस्कृतिको अवस्था




स्रोत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४


## ३.७ कृष्णपुर नगरपालिकाको राजश्व प्रक्षेपण र प्राप्ति

**नगरपालिकाको ३ वर्षको आर्थिक अनुमान र वास्तविब आयः**




माथिको चार्टले यस नगरपालिकाको पछिल्ला तीन आर्थिक वर्षको राजस्व संकलनको अनुमान र वास्तविक आयको अवस्था प्रस्तुत गरेको छ। चार्टअनुसार तीनै आर्थिक वर्षमा राजस्व संकलनको वास्तविक उपलब्धि अनुमानभन्दा कम रहेको देखिन्छ। यसले नगरपालिकाले गरेको राजस्व अनुमान यथार्थपरक हुन नसकेको स्पष्ट संकेत गर्दछ। अतः नगरपालिकाले विगतका वर्षहरूको राजस्व संकलन अनुभव र प्रवृत्तिलाई आधार मानी यथार्थपरक लक्ष्य निर्धारण गर्नुपर्ने देखिन्छ। साथै, राजस्व सुधारका लागि नीतिगत सुधार, संकलन प्रणालीको सुदृढीकरण तथा प्रभावकारी कार्यान्वयन गर्ने आवश्यक नीति तथा रणनीति अवलम्बन गर्नुपर्ने निष्कर्ष निकाल्न सकिन्छ।

## ३.८ चालु आर्थिक वर्षको राजश्व अनुमान र संकलन विवरण




माथिको पाईचार्ट अनुसार यस नगरपालिकाको दुई त्रैमासिकको राजस्व संकलनको अवस्था देखाएकोछ। विगतका अनुभवहरुको समिक्षा गरेर यस आर्थिक वर्षको राजस्व संकलनका लागि आवश्यक रणनीति अवलम्बन गर्न नसकेमा अनुमान गरे अनुसारको राजस्व संकलन हुन नसके यसको असर बजेट कार्यान्वयनमा पर्न सक्छ।

## खण्ड 'घ'

# ४. नवप्रवर्तन, सूजनशील तथा प्रविधिमैत्री नमुना कार्यहरु

## ४.१ राजस्व परिचालनका असल अभ्यासहरू

कृष्णपुर नगरपालिकाले प्रत्येक आर्थिक वर्षको बजेट तथा कार्यक्रममा आन्तरिक स्रोतबाट संकलित राजस्वको निश्चित अंश पुँजीगत विकासतर्फ विनियोजन गर्ने असल अभ्यास अवलम्बन गर्दै आएको छ। तुलनात्मक रूपमा अनुमानित राजस्व संकलन लक्ष्य पूर्ण रूपमा हासिल गर्न नसकिएको अवस्था रहे तापनि, पुँजीगत खर्चको प्रभावकारी र अधिकतम उपयोग गरिएको देखिन्छ। यसका केही उदाहरणहरू देहायअनुसार प्रस्तुत गरिएको छः

| क्र.सं. | आर्थिक वर्ष | कार्यक्रम | विनियोजित बजेट (.रु) | खर्च (%) |
|---|---|---|---|---|
| १ | २०७९/०८० | नगरपालिका कार्यालय लगायत अन्य मुख्य स्थानमा Free WiFi Zone | ३,००,००० | ९७ |
| २ | | झोलुंगे पुल निर्माण | ४८,००,००० | १०० |
| ३ | २०८०/०८१ | नगर उद्यान निर्माण (२ .वडा नं) | १९,५५,५०० | १०० |
| ४ | | वडा नं८ सडक स्तरोन्नति . | १०,००,००० | ७४ |
| ५ | २०८१/०८२ | राना थारु संग्रहालय निर्माण (७ .वडा नं) | १०,००,००० | ९३ |
| ६ | | सिद्धनाथ आधारभूत विद्यालय (२ .वडा नं) घेरवार | २,००,००० | १०० |
| ७ | २०८२/०८३ | वडा नं२ बँक खोप केन्द्र निर्माण . | २,००,००० | चालु आ.व. |
| ८ | | वडा नं८ नाली निर्माण तथा मर्मत . | २,४०,००० | – |

➤ E-Bidding प्रणाली मार्फत नदिजन्य पदार्थको बिक्री वितरणका लागि ठेक्का आह्वान गरिँदै आएको छ, जसले राजस्व संकलन तथा व्यवस्थापन प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाएको छ। नदिजन्य पदार्थको प्रकृति र क्षेत्रका आधारमा छुट्टाछुट्टै प्याकेजमा ठेक्का प्रक्रिया सञ्चालन गरिँदै आएको छ।

➤ नगरपालिकामा सेवा लिन आउने सेवाग्राहीको सहजताका लागि SuTRA प्रणालीको प्रयोग गरी अनलाइनमार्फत बिल–विजक उपलब्ध गराइँदै आएको छ। साथै, जुनसुकै वडा कार्यालयबाट पनि

अन्य वडाका सेवाग्राहीले कर तथा राजस्व तिर्न सक्ने व्यवस्था गरिएकोले सेवा प्रवाह सरल, छरितो र सेवाग्राहीमैत्री भएको छ।

➤ राजस्व संकलनको दायरा विस्तार गर्न कवाडीजन्य वस्तुको निकासीलाई समेत राजस्वको दायराभित्र समेटिएको छ, जसले आन्तरिक स्रोत वृद्धि गर्न सहयोग पुऱ्याएको छ।

➤ E-Payment सेवा सञ्चालनको प्रक्रियामा रहेकाले आगामी दिनमा सेवाग्राहीले घरमै बसेर कर तथा राजस्व भुक्तानी गर्न सक्ने अवस्था सिर्जना हुने अपेक्षा गरिएको छ।

## ४.२ सेवाग्राहीको संगठनप्रतिको अपेक्षा तथा सेवा प्रवाहप्रतिको सन्तुष्टि अवस्था

कृष्णपुर नगरपालिकाले जनताको अपेक्षा अनुरूपको सेवा प्रवाहलाई उच्च प्राथमिकतामा राखी सेवाग्राहीमैत्री सेवा विकासका लागि निरन्तर प्रयासरत रहेको कुरा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीहरूसँग गरिएको छलफलबाट स्पष्ट भएको छ। नगरपालिकाबाट संकलन हुने कर तथा राजस्व नगर विकास र जनहितका कार्यमै पुनः विनियोजन हुने गरेको तथ्य पनि अवगत हुन आयो।
सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रविधिको प्रयोग, तथा जुनसुकै वडा कार्यालयबाट पनि राजस्व तिर्न सक्ने व्यवस्था गरिएको कारण सेवाको गुणस्तरमा सुधार आएको सेवाग्राहीहरूको भनाइ रहेको छ। कार्यालय परिसरमा सेवा लिन आएका सेवाग्राहीहरूसँग गरिएको छलफलमा कर तथा राजस्व तिर्ने प्रक्रिया सहज भएको प्रतिक्रिया प्राप्त भएको छ। साथै, आगामी दिनमा E-Payment प्रणाली मार्फत घरमै बसेर कर तथा राजस्व तिर्न सक्ने व्यवस्था लागू गर्नुपर्ने सुझाव समेत सेवाग्राहीहरूले दिएका छन्।
यद्यपि, नगरपालिकाको ध्यान मुख्यतः नदिजन्य पदार्थको बिक्री वितरणबाट प्राप्त हुने राजस्वमा केन्द्रित भएको कारण अन्य करका क्षेत्रहरू ओझेलमा पर्न सक्ने चिन्ता सेवाग्राहीहरूले व्यक्त गरेका छन्। सीमित जनशक्ति, कर्मचारीको दक्षता अभाव तथा प्रविधिमा आउने समस्याका कारण कहिलेकाहीँ सेवा लिन लामो समय कुर्नुपर्ने बाध्यता समेत देखिएको छ। सेवाग्राहीका गुनासोहरू सम्बोधन गर्न पहल गर्दै आए तापनि अधिकांश गुनासो मौखिक रूपमा मात्र सीमित रहने र औपचारिक रूपमा अभिलेखीकरण नहुने अवस्था रहेको पाइयो, जसले दीर्घकालीन सुधारमा चुनौती सिर्जना गरेको छ।

## ४.३ तोकिएको विषयमा सुधार ल्याउन चाल्नुपर्ने कदमहरु

कृष्णपुर नगरपालिकाले सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन मुख्य आन्तरिक स्रोत राजस्वको व्यवस्थित संकलन, परिचालन र व्यवस्थापनमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ। यसका लागि कर्मचारीको क्षमता अभिवृद्धिसँगै स्पष्ट नीति, कानुन तथा दीर्घकालीन योजना सहितको प्रयास आवश्यक छ।

## ❖ नीति तथा कानुनमा सुधार

राजस्व सुधारका लागि पहिलो र प्रमुख आधार भनेको स्पष्ट राजस्व नीति तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था हो। नगरपालिकाको कार्यक्षेत्रभित्र रहेका सबै कर तथा राजस्वका सम्भावित क्षेत्रहरूको पहिचान गरी तिनलाई कानुनी दायराभित्र ल्याउनुपर्नेछ। करका दरहरू समयसापेक्ष, स्पष्ट र व्यावहारिक बनाउँदै सबै सरोकारवालासँगको समन्वयमा राजस्व अनुमान लक्ष्य प्राप्त गर्न सक्षम प्रणाली विकास गर्न आवश्यक छ।

## ❖ राजस्व संकलन, परिचालन तथा प्रशासनिक सुधार

राजस्वको दायरा स्पष्ट गर्दै सबै करका क्षेत्रमा संकलन कार्यका लागि पर्याप्त र दक्ष जनशक्ति व्यवस्थापन, स्पष्ट Job Specification सहितको कार्यसम्पादन प्रणाली लागू गर्नुपर्दछ। उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरी कर्मचारीको मनोबल वृद्धि गर्न आवश्यक देखिन्छ।

## ❖ प्रविधिको प्रयोगमा सुधार

राजस्व संकलन तथा करदाताले सेवा लिन कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य गर्दै मोबाइल प्रविधि तथा अनलाइन प्रणालीमार्फत घरमै बसेर सेवा लिन सक्ने व्यवस्था क्रमशः लागू गर्नुपर्दछ। नविनतम प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई थप सरल, छरितो र पारदर्शी बनाउँदै लैजानुपर्ने आवश्यकता देखिन्छ।

## ❖ सचेतनामूलक कार्यक्रम सञ्चालन

राजस्व तथा कर तिर्ने दायित्व र त्यसको महत्वबारे जनतालाई जानकारी दिनुका साथै करको दायरा विस्तार गर्न स्थानीय समुदायको सहकार्यमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गर्नुपर्दछ। चोरी निकासी र करछली रोकथामका लागि कानुनी व्यवस्था र सजायबारे समेत सचेतना गराउनु आवश्यक छ।

## ❖ समन्वय र सहकार्य विस्तार

राजस्व संकलन वृद्धि गर्न स्थानीय व्यापारी, उद्योगी, व्यवसायी, पेशाकर्मी, उद्योग वाणिज्य संघ, प्रहरी तथा अन्य सरोकारवालाहरूसँग नियमित समन्वय र सहकार्य अपरिहार्य देखिन्छ। समय-समयमा बैठक तथा छलफल गरी सेवा प्रवाह र राजस्व संकलन दुवै क्षेत्रमा सहकार्य बढाउनुपर्दछ।

## ❖ नगर प्रहरी व्यवस्थापन

नगरपालिकाको नीति तथा कार्यक्रम अनुसार नगर प्रहरी व्यवस्थापन गरी सुरक्षा, चोरी निकासी नियन्त्रण तथा करछली न्यूनीकरणमा सहयोग पुग्ने गरी आवश्यक जनशक्ति परिचालन गर्नुपर्ने देखिन्छ।

## ४.४ तत्काल चाल्नुपर्ने कदमहरु

- वडा कार्यालयलाई वार्षिक राजस्व लक्ष्य निर्धारण गरी सबै वडालाई राजस्व संकलनमा जिम्मेवार बनाउने।
- राजस्व सुधार योजना र कानुनी व्यवस्था निर्माण गरी करका दर, सीमा र दायरा स्पष्ट गर्ने।
- नगरपालिकाको क्षमता अनुसार यथार्थपरक र पहुँचयोग्य राजस्व प्रक्षेपण गर्ने।
- राजस्व संकलनमा खटिने कर्मचारीको क्षमता विकास, जनप्रतिनिधिको सहभागितासहित त्रैमासिक कार्ययोजना लागू गर्ने।
- राजस्व परामर्श समितिको बैठकलाई प्रभावकारी बनाई सर्वपक्षीय सहभागिता सुनिश्चित गर्ने।
- जोखिम व्यवस्थापनतर्फ ध्यान दिँदै नदिजन्य पदार्थ संकलन, IEE कार्यान्वयन तथा वातावरणीय असरको नियमित अनुगमन गर्ने।

## ४.५ दीर्घकालिन सुधारका क्षेत्रहरु

कृष्णपुर नगरपालिकामा राजस्व संकलनमा देखिने अस्वाभाविक उतार–चढावले दीर्घकालीन व्यवस्थापनमा चुनौती सिर्जना गर्न सक्ने भएकाले आजैदेखि सुधारका लागि ठोस पहल आवश्यक छ। यसका लागि देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छः

- करको दरभन्दा दायरामा विस्तार गर्ने।
- नदिजन्य पदार्थको संकलन तथा व्यवस्थापनलाई प्रकृतिमैत्री बनाउने।
- प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको निश्चित अंश विपद् व्यवस्थापन कोषमा विनियोजन गर्ने।
- नगर प्रहरी व्यवस्थापन गरी चोरी निकासी र करछली नियन्त्रण गर्ने।
- छिमेकी पालिकासँग सहकार्य गर्दै नदिजन्य स्रोतको उपयोग र परिचालन गर्ने।
- राजस्व संकलन तथा कर व्यवस्थापनका लागि दीर्घकालीन गुरुयोजना निर्माण गरी कार्यान्वयनमा लैजाने।

# खण्ड 'ङ'

## ५. सुझावहरु

### ५.१ सुझाव

### ♣ नीति र कानुनमा सुधार

- नगरपालिकाले राजस्व सुधारका लागि स्पष्ट नीति र कानुन निर्माण गरी सबै कर र राजस्व क्षेत्रलाई कानुनी दायरामा अनिवार्य रूपमा ल्याउनुपर्दछ।
- कर दर, सीमा र दायरा समयानुकूल निर्धारण गरी सर्वसुलभ जानकारी उपलब्ध गराउनुपर्दछ।

### ♣ राजस्व संकलन र प्रशासनिक सुधार

- सबै कर तथा राजस्व क्षेत्रको दायरा स्पष्ट गर्दै पर्याप्त र दक्ष जनशक्ति परिचालन गर्नुपर्दछ।
- कर्मचारीको कार्यक्षमता बढाउन नियमित तालिम, क्षमता विकास कार्यक्रम र प्रोत्साहन योजना लागू गर्नुपर्दछ।
- उत्कृष्ट कार्य गर्ने कर्मचारी, वडा कार्यालय र जनप्रतिनिधिलाई सम्मान तथा पुरस्कारको व्यवस्था गर्नुपर्दछ।

### ♣ प्रविधि र नवप्रवर्तन

- E-Payment, SuTRA प्रणाली जस्ता प्रविधिको पूर्ण उपयोग गरी घरमै बसेर कर र राजस्व तिर्न सक्ने व्यवस्था लागू गर्नुपर्दछ।
- प्रविधि प्रयोगमा दक्ष कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाह छरितो, पारदर्शी र सहज बनाइने व्यवस्था अपनाउनुपर्दछ।

### ♣ जनचेतना अभिवृद्धि

- कर र राजस्वको दायरा, महत्त्व र कानुनी प्रक्रिया बारे जनतालाई सचेत गराउने कार्यक्रम सञ्चालन गर्नुपर्दछ।
- चोरी निकासी र करछली रोकथामका लागि अन्तरक्रिया, छलफल र जनप्रतिनिधि सहभागितामा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

## ♣ समन्वय र सहकार्य

- स्थानीय व्यापारी, उद्योगी, पेशाकर्मी, उद्योग वाणिज्य संघ, प्रहरी र अन्य सरोकारवालासँग नियमित बैठक तथा छलफलको व्यवस्था राख्नुपर्दछ।
- वडा कार्यालय र जनप्रतिनिधिलाई राजस्व संकलन अभियानमा सक्रिय बनाइ, समय समयमा प्रगति मूल्यांकन गर्नुपर्दछ।

## ♣ नगर प्रहरी व्यवस्थापन

- चोरी निकासी, करछली नियन्त्रण र सुरक्षा व्यवस्थापनका लागि नगर प्रहरी परिचालन गर्नुपर्दछ।
- नदिजन्य पदार्थ संकलनको निगरानी र जोखिम व्यवस्थापनमा नगरपालिका र छिमेकी पालिकासँग सहकार्य आवश्यक छ।

### ५.२ निष्कर्ष

कृष्णपुर नगरपालिकाले आन्तरिक राजस्व संकलन, परिचालन र व्यवस्थापनमा गरेको प्रयास सराहनीय रहेको छ। नदिजन्य पदार्थ, स्थानीय कर, सेवा शुल्क, दस्तुर लगायत स्रोतबाट राजस्व संकलनको प्रमुख क्षेत्रको प्रभावकारी परिचालन भएको पाइन्छ। तर, जनचेतना कम हुनु, कर्मचारी क्षमता र प्रोत्साहनको अभाव, नियमित अनुगमन र प्रविधि उपयोगमा चुनौती, तथा करका अन्य क्षेत्रको ओझेल जस्ता कमजोरीहरू अझै कायम छन्। यस अध्ययनबाट प्राप्त निष्कर्ष अनुसारः

- नीति, कानुन र प्रशासनिक सुधार,
- प्रविधिको प्रभावकारी उपयोग,
- जनचेतना अभिवृद्धि,
- कर्मचारी दक्षता र प्रोत्साहन,
- समन्वय र नगर प्रहरी व्यवस्थापन

जस्ता पहलहरू लागू गर्दा कृष्णपुर नगरपालिकाको राजस्व संकलन, परिचालन र दीर्घकालीन सुधार अधिक पारदर्शी, व्यवस्थित र परिणाममुखी बन्ने स्पष्ट देखिन्छ। नगरपालिकाले यी सुधारहरू निरन्तर कार्यान्वयन गर्दा राजस्व संकलनमा वृद्धि, सेवाग्राही सन्तुष्टि र स्थानीय विकासमा सकारात्मक प्रभाव सुनिश्चित गर्न सक्नेछ।

## सन्दर्भ सामग्री


१.कृष्णपुर नगरपालिकाको नगर प्रोफाइल २०७७

२.नगरपालिकाको आव २०८२।०८३ को बजेट नीति तथा कार्यक्रम

३.राष्ट्रिय जनगणना २०७८ को तथ्यांक

४.कृष्णपुर नगरपालिकाको स्वतः प्रकाशन २०८२।०८३

५.नेपालको संविधान

६.स्थानीय सरकार सञ्चालन ऐन २०७४

७.कृष्णपुर नगरपालिकाको आर्थिक ऐन, २०८२

८.स्थलगत अवलोकन तथा भ्रमण

# तस्विरहरु









